ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ ३ मा

चकचके बच्चा

❑ वर्ष-११ ❑ अङ्क-२०, २०७६ असोज ११ गते, शनिबार (Sept. 28, 2019 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६

## संरक्षणको पर्खाइमा



चन्द्रसम्शेर राना प्रधानमनत्री हुदा सप्तरकिो फत्तेपुरस्थित त्रियुगा नदिमा बनेको मुलुकैं जेठो नहर चन्द्र नहरको मुहान । सरोकारवालाको वेवास्ताले नहरमा बालुवा जमेर भरिने अवस्थामा पुगेको छ । सप्तरीका कृषकहरुलाई सिचाई सुविदा पुग्दैं आएको नहर संरक्षणको पर्खाइमा छ । *तस्विरः जनता टाइम्स*

## नेकपा र चिनियाँ कम्युनिष्ट पार्टीबीच समभ्कदारी पत्रमा हस्ताक्षर

फत्तेपुर /नेपाल कम्युनिष्ट पार्टी र चिनियाँ कम्युनिष्ट पार्टीबीच आपसी सहयोग र सहकार्यका लागिसमभ्कदारी पत्रमा हस्ताक्षर भएको छ ।

नेकपाका अध्यक्षद्वय प्रधानमन्त्री केपी शर्मा ओली र प्रचण्डको उपस्थितिमा नेकपा विदेश विभाग प्रमुख माधव कुमार नेपाल र चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख सङ ताओले हस्ताक्षर गरेका हुन् ।

उक्त समभ्कदारीपत्रमा दुवै पार्टीबीच सहयोग, सहकार्य, भ्रमण र गोष्ठीहरू गर्ने विषय समेटिएको नेकपा विदेश विभागका उपप्रमुख विष्णु रिजालले जानकारी दिए ।

## ‘हिन्दु राष्ट्रबारे भारतको सरोकार छैन’

फत्तेपुर / भारतीय जनता पार्टीको मातृ संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का प्रमुख मोहन राव भागवतले हिन्दु राष्ट्रको निर्णय गर्ने अधिकार नेपाली नागरिकमा रहेको बताएका छन् । उनले यस विषयमा भारतको सरोकार नरहेको स्पष्ट पारे । नयाँदिल्लीमा अन्तर्राष्ट्रिय सञ्चार माध्यमका प्रतिनिधिहरूसँग उनले नेपाल स्वाधीन र स्वतन्त्र मुलुक भएकाले आफ्नो निर्णय आफैं गर्न सक्ने बताएका छन् । उनले नेपाललाई हिन्दु राष्ट्र बनाउने/नबनाउने भन्ने मामिलामा नेपाली जनताले मात्रै निर्णय गर्न सक्ने बताएरु। ‘नेपाललाई हिन्दु राष्ट्र बनाउने/नबनाउने कुरा

बाँकी अन्तिम पृष्ठमा

## सरकारको नारा सच्चाउन हिन्दु परिषद्को चेतावनी

फत्तेपुर /नेपाल सरकार पशु सेवा विभागद्वारा ‘बधशालादेखि भान्सासम्म स्वच्छ र स्वास्थ्य मासु’ भन्ने प्रचार सामग्रीप्रति हिन्दू परिषद् नेपालको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । परिषद्का राष्ट्रिय अध्यक्ष संतोष पटेलले एक विज्ञप्ति जारी गर्दै विरोध जनाएका हुन । विज्ञप्तिमा भनिएको छ, ‘हिन्दू धर्ममाथिको आक्रमण बन्द गर !! नेपाल सरकार पशु सेवा विभाग द्वारा “बधशालादेखि भान्सासम्म स्वच्छ र स्वास्थ्य मासु भन्ने प्रचार सामग्रीप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।’ नेपाल सरकारबाट प्रकाशित सामग्रीमा गाई काटेर खानु पर्छ भन्ने अभिव्यक्ति यो धर्मनिरपेक्ष सरकारले गरेको भन्दै अध्यक्ष पटेलले यस्तो निन्दनीय कार्यको जति विरोध गरे पनि कम नै हुने विज्ञप्तिमा उल्लेख गरेका छन् ।

‘हामी हिन्दू धर्मावलम्बीहरुले गाईलाई आमा समान मान्छौं र पूजा गर्दछौं । त्यस्तै गाई हाम्रो

बाँकी अन्तिम पृष्ठमा

"जिम्मेवारी र सहकार्य सहित गरौं खबरदार: लैङ्गिक हिंसा विरुद्ध होऔं होसियार ।"

"लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान: हिंसा विहिन समाजको हाम्रो आह्वान ।"

"लैङ्गिक हिंसा विरुद्ध हाम्रो आवाज: निर्माण गरौं सभ्य र समतामूलक समाज ।"

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सैं घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

**सरकारको . . .**

देशको राष्ट्रिय जनावर पनि हो, त्यसैले गाईलाई मासुजन्य वस्तुको रुपमा प्रयोग गर्नु हाम्रो हिन्दू धर्ममाथिको धेरै ठूलो आक्रमण हो । यस्तो कार्यले हिन्दू धर्मावलम्बीहरूको भावनामा गहिरो चोट पुगेको छ ।' उनले भनेका छन् । उनले यस्तो गल्ती सच्याउन र पुनः यस्तो गल्ती नदोहोर्याउन र हिन्दू धर्ममाथिको आक्रमण बन्द गर्नको निम्ति नेपाल सरकारसँग परिषद्ले आग्रह गरेको छ । कम्युनिस्ट सरकार माथि क्रिश्चनतन्त्र हावी भएको भन्दै उनले मुलुकको लागि घातक रहेको जनाएका छन् ।

**हिन्दु . . .**

त्यहाँका जनतामा निर्भर गर्छ। आरएसएसको त्यो विषयसँग कुनै सम्बन्ध छैन,'उनले स्पष्ट पारे । उनले नेपालका हिन्दु संगठनहरूले हिन्दु राष्ट्रको पक्षमा वकालत गरिरहेका हुन सक्ने तर त्यसमा आरएसएसको कुनै भूमिका नभएको दावी गरे । 'आरएसएसले नेपालको आन्तरिक मामिलामा कुनै सरोकार राख्दैन । हाम्रो संगठनको गतिविधि भारतभित्रै सीमित छ,' उनले भने । नेपाल धर्मनिरपेक्ष मुलुक हुनुलाई पनि भागवतले स्वाभाविक घटनाका भएको बताए । उनले हिन्दु राष्ट्र राजनीतिक नभएर सांस्कृतिक अवधारणा मात्रै भएको बताए ।


## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल, मोटरसाइकल, गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै

**प्रो.केदार श्रेष्ठ**

**माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर**

**०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१**



## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**

**N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक**

**सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३**

**नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।**






## सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

**हाम्रा सेवाहरुः**

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दैरा सुरुवाल कोट पेन्ट, कुर्ता सुरुवाल, लेडगा, ट्प्स लेडिज गाउनलगायतका सामान हरु सुफत मुल्यमा उपलब्ध गराइन्छ।

**जेके स्टोर सप्तकोशी १ फतेपुर**

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३



## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरु**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा




**फत्तेपुर पोलिक्लिनिक(प्रालि)**

**सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७**



## २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरुः**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. बद्रीप्रसाद भट्टराई

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

**स्पोर्ट सेवाहरुः**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्धारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।




**एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२**

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ ।*

## माता मनकामना पोलिक्लिनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, **ले-आउट** निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार शाखा प्रमुखः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ६८०७७४३२०२, धरान सम्पर्कः ६८०३८१६७२१* Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

## सम्पादकीय...........

# कृषकको समस्या सुन

सप्तरी तराईको अन्न भण्डार हो । यहाँका अधिकांश कृषक कृषीमा आत्म निर्भर छन् । यहाँको प्रमुख बाली भनेकै धान उत्पादन हो । तर धान राम्रो उत्पादनका लागि प्रयोग गर्दै आएको रासायनिक मल कृषकले पाउन सकेका छेनन् । कृषकका लागि सरकारले दिदैं आएको मल कृषकसम्म नपुग्नु राज्यको कमजोरी हो ।

सरकार आफैं विचौलिया प्रयोग गरेर जनताको ढाँड सेक्ने काम गर्छ । सप्तरीमा रासायनिक मल वितरण गर्ने अधिकार सहकारीहरुलाई दियो । तर ती सहकारीहरुले कृषकलाई मल नदिएर अन्यत्र विक्रि गरेको कृषकहरले गुनासो गरेका छन् । अभाव देखाएर महगो मुल्यमा बेच्नु किमार्थ उचित होइन । सप्तकोसी नगरपालिकामा रासायनिक मलको अभाव भएको छ । स्थानीय सरकारले यस्ता सानातिना कुराको निगरानी गर्नु पर्ने हो तर गर्न सेकको छैन् । वर्षौंदेखि किसानले भोग्दै आएका रासायनिक मल अभावको समस्या ज्यूँका त्यूँ हुनु विडम्बना हो ।

धान रोपाइँ सुरु भएदेखि नै सुरु भएको मलको अभाव अझै सहज नहुनु कृषकका लागि खुशीको विषय हुन सक्दैंन । अस्तित्वमै नरहेका झोले सहकारीहरूले कृषि सामग्री केन्द्र मार्फत मल खरिद गरेर किसानलाई नदिई ब्यापारीलाई बिक्री गर्नु कुनै हालतमा उचित होइन । यस्ता सरकारीलाई पहिचान गरि स्थानीय प्रशासनले कारवाही गर्ने हिक्मत गर्नु पर्दछ । यस्ता सहकारीलाई तत्काल कारवाही गरेर समस्यामा परेका कृषकलाई उचित ब्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व हो ।

## ☎ जरूरी टेलिफोन ☎

⇩ सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# राजनीति र प्रशासनप्रति बढ्दो विस्तृष्णा

**लक्ष्मी विलास कोइराला**

राज्यको उत्पतिसँगै प्रशासनको जन्म भएको हो । जनताका माग र आवश्यकता सरकारसम्म सरकारका निर्णयहरू जनतासम्म पुऱ्याएर प्रशासनले सरकार र जनतालाई जोड्ने काम गरेको हुन्छ । प्रशासन सरकार सञ्चालनको मेरूदण्ड हो भने सरकार प्रशासनको अधिकार र भरोशाको स्रोत हो । प्रशासनिक संगठनको उच्च पदसोपानमा मन्त्री रहन्छ र उसलाई मन्त्रालयको सबै काम गर्ने संवैधानिक कानूनी प्रशासनिक अधिकार हुन्छ । सैद्धान्तिकरूपमा मन्त्री उच्च पदमा रहे पनि नीति निर्माण र कार्यान्वयनमा सचिवको सहयोग, सहभागिता भएन भने कुनै उपलब्धि हासिल हुदैन् । यसकारण, राजनीति र प्रशासनबीच घनिष्ट संवन्ध रहन्छ र एकको अभावमा अर्को पूर्ण हुन सक्दैन् ।

राजनीति र प्रशासनको कार्यजिम्मेवारी फरक फरक भएर पनि दुईबीच अन्तरसंवन्धित र अन्तरघुलित सम्बन्ध रहेको हुन्छ । प्रशासनको धर्म र कर्तव्य "गर्भन्मेन्ट अफ द डे" हो भने राजनीतिको सत्य "एडमिनिस्ट्रेसन एट प्रिजेन्ट" हो । यसकारण, देशको शासन सञ्चालनको परिणाम राजनीति र प्रशासनको संयुक्तक्रियामा निर्भर गर्दछ । तर व्यवहारमा कहिले मन्त्री शक्तिशाली हुने र कहिले सचिव शक्रिशाली हुने अवस्था आउने गरेकोछ । मन्त्री र सचिवले आफनो क्षमता प्रस्तुत गर्न नसक्नाले कार्यसम्पादनका चरणमा दुई बीच विवाद र मनमुटाव देखा पर्ने गर्दछ ।

देशको नीति निर्धारण गर्ने अधिकार र जिम्मेवारी सरकार अर्थात विभागीय मन्त्रीको हो भने कार्यान्वयन गर्ने जिम्मेवारी कर्मचारीतन्त्र अर्थात मन्त्रालयको सचिवको हो । नीति निर्धारण कार्यमा निजामती कर्मचारीको कुनै संवैधानिक भूमिका रहदैन् । तर पनि निजामती कर्मचारीले नीति निर्धारण कार्यमा मन्त्रीलाई निर्भिकरूपमा आवश्यक सूचना, निष्पक्ष सल्लाह र आफना विचार प्रस्तुत गर्नुपर्दछ, भनिन्छ । यसकार्यमा निजामती कर्मचारीले सहयोग नगरेमा वा विचार व्यक्त नगरेमा वा आफुलाई मन नपरेको कारणबाट नीति निर्धारण कार्यमा बाधाअवरोध गरेमा निजामती कर्मचारीले आफनो कर्तव्य र मर्यादा दुबै भङ्ग गरेको ठहर्छ ।

निजामती कर्मचारी जनताका सेवक हुन् । उनीहरूको मुख्य कर्तव्य जनप्रतिनिधित्व गर्ने सरकारलाई नीति निर्माण कार्यमा सहायता पुऱ्याउनु र नीति कार्यक्रम कार्यान्वयन गर्नु हो । निजामती सेवा सत्तामा रहेको राजनैतिक नेतृत्वबाट गरिएको निर्णयलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने साधनको रूपमा रहेको हुन्छ । सचिवको अधिकारको स्रोत विभागीय मन्त्री हो भने सचिव आफनो कार्यसम्पादनका लागि मन्त्रीप्रति उत्तरदायी हुने हुन्छ । यसकारण मन्त्रालयको काम गर्न मन्त्री र सचिवको संयुक्त प्रयास आवश्यक हुन्छ । नीति कार्यक्रम कार्यान्वयनमा मन्त्रीले सचिवलाई काम गर्न नसघाएमा वा कामगर्दा हस्तक्षेप गरेमा सरकार नै सफल हुदैन् ।

कर्तव्य पालनामा निजामती कर्मचारीहरू संविधानमा निहित प्रजातान्त्रिक मूल्यमान्यताहरूप्रति निष्ठावान रही दलगत राजनीतिदेखि तटस्थ रहनुपर्दछ । निजामती सेवाको निष्पक्षतामा आघात पर्न गयो भने त्यसको प्रतिकूल प्रभाव देशको शासन प्रणालीमाथि पर्न जान्छ । निर्वाचित सरकार जुनसुकै राजनीतिक दलको भएपनि निजामती कर्मचारी निर्वाचित सरकारप्रति वफादार रहनुपर्दछ । सरकार र जनताको विश्वास जित्नुपर्दछ । जनताको नजरमा कर्मचारीको राजनीतिक तटस्थतामा शंका उत्पन्न हुन सक्ने गरी मन्त्रीले कुनै काम गर्न वा नगर्न दवाव वा निर्देशन दिनु हुदैन् । निजामती कर्मचारीले पनि कुनै निर्णय लिंदा वा कार्यगर्दा आफनो व्यक्तिगत राजनीतिक विचारधारामा आघात पर्ला भन्ने दृष्टिकोण राखी कुनै कार्य गर्ने वा नगर्ने वा कुनै निर्णय लिने नलिने गर्नु पनि हुदैन् ।

सचिवले मन्त्रीलाई विभिन्न विषयहरूमा निर्भिक भएर आफनो राय वा सल्लाह प्रस्तुत गर्नुपर्दछ । मन्त्रीलाई आफनो रायसल्लाह मन पर्ने छैन वा अरूचिकर हुनेछ वा मन्त्री रूष्ट हुने संभावना छ भन्ने धारणा राखी सही राय प्रस्तुत गर्नु वा नगर्नु हुदैन । र मन्त्रीबाट निर्णय भै सकेपछि उक्त निर्णय आफनो विचारअनुरूप नभए पनि आफनै निर्णय हो भन्ने धारण राखी कर्मचारी कार्यान्वयन गर्न वा सफल तुत्याउन दिलोज्यानले लाग्नुपर्दछ । मन्त्रीले पनि निजामती कर्मचारी केवल रूचीकर हुने राय वा सुझाव दिने संयन्त्र हुन् भन्ने संझनु हुदैन र कर्मचारीले निर्भिकतासाथ दिएको भिन्न रायसुझावको आफनै हीतको सम्बर्द्धन हुने हो भन्ने दृष्टिकोण अपनाउनु पर्दछ ।

मन्त्री र सचिवबीच रहेको विश्वासमा सरकारको दक्षता निर्भर गर्दछ । निजामती कर्मचारीले कार्यसम्पादनको सिलसिलामा प्राप्त गरेका सबै सूचानाहरू गोप्य राख्नुपर्दछ । गोपनीयता भङ्ग गरी सूचना अन्यत्र दिएमा त्यस्तो कर्मचारीमाथि कारवाही गर्नुपर्दछ । मन्त्रीले पनि कर्मचारीलाई कुनै गैरकानूनी काम वा अनियमित काम गर्न दवाव दिनु हुदैन र मन्त्रीबाट त्यस्तो दवाव आएमा कर्मचारीले मर्यादापूर्णढंगले प्रतिकार गर्नुपर्दछ ।

राजनीति र प्रशासनबीचको सन्बन्धको बारेमा दुई फरक मत रहेकाछन् । राजनीति र प्रशासनको फरक फरक भूमिका हुन्छ भन्ने एक मत छ भने अर्को मत राजनीति र प्रशासनको भूमिका उस्तैउस्तै हने र एकअर्कालाई अलग गर्न नसकिने भन्ने रहेकोछ । मन्त्री र सचिवको भूमिका कहाँबाट शुरू हुन्छ र कहाँ गएर अन्त हुन्छ ? स्पष्ट गर्न कठिन छ । तापनि सुशासन ऐन २०६४ ले मन्त्री र सचिवको भूमिका छुटयाउने कोशिस गरेको भएपनि त्यसको कार्यान्वयन भने हुन सकेको देखिदैन् । मन्त्री मन्त्रालयको दैनिक काम कारवाहीमा संलग्न हुन रूचाउने र सचिव नीति निर्माण प्रक्रियामा संलग्न हुन चाहने प्रवृति बढदै गएको देखिन्छ । मन्त्रीसँगको किचलोले सचिव विभिन्न वहानामा प्रधानमन्त्रीको साखुल्ले बन्न खोज्ने र मन्त्री सचिव बाहेक अन्य कर्मचारीसँग काम गराउन उद्यत हुने कारण मन्त्री र सचिवको संबन्ध शंका र विवादको घेरामा हुर्किरहेको हुन्छ । जस्ले कार्यसम्पादन क्षमतामा नराम्रो असर पर्दछ ।

राजनीति र प्रशासनको विवाद मन्त्री र सचिवका क्रियाकलाप र बोलिचालीमा देखापर्दछ ।  सरकारका मन्त्रीहरूले सार्वजनिकरूपमा नै सचिवले झुक्याए भन्दै भाषण गर्दै हिड्छन् । सचिवलाई दोषि देखाएर आफु पानीमाथिको ओभानो बन्ने प्रवृति राजनीतिक वृतमा स्थापित छ । तर पनि प्रशासनिक अनुशासन, आचार संहिता र पदसोपानको मर्यादा राख्दै सचिवहरू सार्वजनिकरूपमा बोल्ने वा प्रेसमा जाने गर्दैनन् । मन्त्रीसँग विवाद भए पनि प्रशासक मौनअसहमति र मौनद्वन्द्व लिएर काम गरिरहेको हुन्छ । जननिर्वाचित मन्त्री र मेरिट पद्धतिअनुरूप लोक सेवा आयोगबाट छानिएर सचिव भएकाहरू कसैले पनि जनतालाई अरूचिकर हुने कुरा बोल्नु र काम गर्नु हुदैन् ।

सचिव वलियो भयो भने मन्त्री वलियो हुन्छ । मन्त्री नेतृत्व गर्न सक्षम हुने हो भने मन्त्रालय परिणाममूखी हुनेहुन्छ । मन्त्री र सचिवबीचको विवादले समग्र मन्त्रालयको कार्यसम्पादन क्षमता तथा कर्मचारी प्रशासनमा नकारात्मक असर पर्ने मात्र होईन प्रेस र सामाजिक सञ्जालको कारण राजनीति र प्रशासनप्रति जनतामा विस्तृष्णा पैदा हुने गर्दछ । नेपालको प्रशासनिक ईतिहासमा मन्त्री बलदेव मजगैया (सचिव लोकमानसिंह कार्की) र रामेश्वर खनालको (मन्त्री भरतमोहन अधिकारी) राजीनामा मन्त्री र सचिवको विवादका उपज थिए । यसकारण मन्त्री र सचिवको विावदलाई प्रारम्भमा नै समाधान गर्न प्रधानमन्त्रीले समयमा नै हस्तक्षेप गर्नु आवश्यक हुन्छ । (मधेश दर्पण)

# बच्चाले धेरै चकचक गर्ने रोग 'एडीएचडी' ?

धेरैजसो बालबालिकाहरु कुनै पनि कुरामा एकाग्र हुन सक्दैनन् । चकचक गरिरहन्छन् । यसलाई हामी सामान्य रुपमा लिँदै 'बच्चाको बानी' भन्छौं र त्यति वास्ता गर्दैनौं । तर यो एउटा स्वास्थ्य समस्या पनि हो । यसलाई एटेन्सन डिफिसिट हाइपरएक्टिभिटी डिसअर्डर'( एडीएचडी) भनिन्छ ।

विश्वको तथ्यांक हेर्ने हो भनी यस्तो समस्या करिब ३ देखि ५ प्रतिशत बच्चामा देखिन्छ । यस्तो समस्या भएका बच्चाहरु चकचक गरिराख्ने, एकै ठाउँमा बस्न नसक्ने, अरुलाई चलाइ राख्ने ,पढाइमा ध्यान दिन नसक्ने जस्ता समस्या हुन्छन् । टिभी, कम्प्युटर, भिडियो गेममा चाहिँ भुल्छन् ।

तर ध्यान दिनुपर्ने कुरा के हो भने ५ वर्षभन्दा मुनीका बालबालिका चकचक गरे सामान्य मान्न सकिन्छ । तर यो उमेरभन्दा बढीका बालबालिकामा एकै ठाउँमा नबस्ने, सामान तोडफोड गर्ने, रिस देखाएर नडराउने, केही कुरा गर्न पनि नडराउने, बढी बोल्ने, अरुलाई जे पनि भन्ने, पिट्ने, कुनै कुरामा पनि ध्यान दिन नसक्ने, दिएको काम पूरा गर्न नसक्ने जस्ता समस्या देखिए एडीएचडीकै कारण हो भन्न सकिन्छ।

मानिसको मष्तिष्कमा ध्यान दिने र शान्त हुने भाग हुन्छ । एडीएचडीको समस्या भएका बालबालिकामा मष्तिष्कको त्यो भाग विकास भएको हुँदैन । कसैको १३-१४ देखि १७-१८ वर्षको उमेरसम्मविकास हुन्छ भने कतिपयलाई जीवनभर नै एडीएचडीको समस्या हुन्छ।

यस्ता बच्चाहरु छिटो एक्सन लिने अर्थात् देखेपछि गरिहाल्ने खालका हुन्छन् । यस्तो समस्या भएका बच्चाहरु बाटो काट्नु पर्‍यो भने सोच्दै नसोची दौडन्छन् । हामफाल्नु पर्यो भने हामफालिहाल्ने र झगडा गरिहाल्ने खालका हुन्छन् ।

कोही ठुला मान्छे बोलेका छन् भने सोच्दै नसोची बोलिहाल्छन् । पालो कुर्न सक्दैनन् । कतै लाइन बस्नु पर्‍यो भने अगाडिका लाई धकेलेर भएपनि जानुपर्छ । कक्षामा शिक्षकले जे प्रश्न गरेपनि पनि हात उठाउँछन् । हेर्दा चनाखोजस्तै देखिन्छन् । तर उनीहरुमा एडीएचडी समस्या भएको हुन सक्छ ।

यस्ता समस्या दुई खालका हुन्छन् । एउटा कुनैपनि कुरामा राम्रोसंग ध्यान दिन नसक्ने खालका हुन्छन् । तिनीहरुलाई बढ्न गाह्रो हुन्छ । बच्चा हेर्दा चलाखजस्तै देखिएपनि उसको बुद्धि विकासअनुसार पढाइमा प्रगति गर्न गाह्रो हुन्छ । पढाईमा राम्रोसंग ध्यान दिन सकेन भने राम्रोसँग सिक्न सक्दैन पनि ।

छुकछुक गरिराख्ने, अरुलाई काम गर्नमा बाधा पुर्‍याउने, घरमा एक ठाउँमा नबसिदिने, सामान तोडफोड गरिदिने र साथीलाई मनमा आयो त्यही भनेर पिट्न पनि पछि पर्दैनन् । यस्ता समस्या भएका बच्चालाई गाली गर्नुभन्दा पनि माया गरेर सम्झाउनु पर्छ । समस्याको समयमा नै पहिचान गरी उसलाई जे गर्दा खुसी मिल्छ त्यही गर्न लगाउनु पर्छ ।

कक्षकोठामा नचली बस्न नसक्ने, एकै ठाउँमा बस्न नसक्ने बच्चा छन् भने बीचबीचमा उठ्न दिनुपर्छ । खेलकुदमा भाग लिन लगाउनुपर्छ । बच्चालाई जबर्जस्ती यो काम गर भन्नुभन्दा पनि उसले चाहेको कुरा गर्न दिनुपर्छ । जबसम्म दिमागको ध्यान दिने र शान्त भएर बस्ने भाग विकास हुँदैन । यो समस्या रहिरहन्छ ।१७/१८ वर्षको उमेरसम्म हामीले यो रोगको उपचार गरिरहनुपर्छ ।

बच्चाहरुलाई हुर्काउने वातावरणले पनि प्रभाव पार्छ । बच्चाहरुलाई खेल्न नदिने, घरभित्रै राख्ने, टीभी मोबाइल दिने, साथीहरुसंग खेल्न छुट नदिने, कुनै काम नगर भन्ने, यहाँ नबस भन्नेजस्ता कुरामा पनि उनीहरुले ध्यान दिँदैनन् । कुनै कुरामा जति नियन्त्रण गर्‍यो, उति नै समस्या देखिन सक्छ ।



आजभोलि बच्चाहरु सानै उमेरदेखि नै टेलिभिजन र मोबाइलमा धेरै समय बिताउँछन् । कुनै चिज मन परेन भने अर्को कुरा माग गर्छन् । यसोगर्दा पनि ध्यान एउटै कुरामा टिकीराख्न गाह्रो हुन्छ । त्यसैले यो समस्या दिनप्रतिदिन बढिरहेको छ । त्यसैले बच्चालाई टीभी, मोबाइलमा एक घण्टाभन्दा बढी समय बिताउन दिनुहुँदैन । दुइ तिहाई बच्चामा उमेर भएपछि अर्थात् १५ वर्षसम्ममा यस्ता समस्या आफैँ सुधार भएर जान्छन् । एक तिहाई बालबालिकामा भने यो समस्या जीवनभर रहिरहन सक्छ । यस्तो समस्या ठूलो मानिसमा पनि हुन सक्छ । जसले गर्दा उनीहरु बढी बोल्ने, कुनै कुरामा ध्यान दिन नसक्ने, सवारीसाधन चलाउँदा दुर्घटनामा पर्नेजस्ता समस्या हुन्छ । यस्ता मानिस कुनै पनि काम राम्रोसँग गर्न सक्दैनन् । जसको असर उनीहरुको सम्पूर्ण जिन्दगीमै पर्छ ।

सामान्यतः आमाबाबुले बच्चा धेरै चकचके छ भनेर घरमै राख्छन्, नियन्त्रण गर्न खोज्छन् । त्यसैले यो रोग पहिचान पनि ढिला हुन्छ । तर औषधी उपचार गरे यसलाई नियन्त्रण गर्न सकिन्छ । यसको औषधी भने नेपालमा पाइदैन । विदेशबाट ल्याउनु पर्छ । एडीएचडी उपचारबाट भन्दा पनि सहज वातावरण निर्माणबाट समाधान हुन्छ । यदि सबै उपाय गर्दा पनि निको भएन भने उपचार गर्न अस्पताल लैजानुपर्छ । *(एजेन्सीबाट)*

# रक्तचापका बिरामीले गर्ने गल्ती

मुटुरोग, मस्तिष्कघात र मिर्गौला फेल गराउने मुख्य कारण नै उच्च रक्तचाप हो । धेरैमा रक्तचाप जाँचिरहने बानी हुँदैन । किनकि रक्तचाप बढ्दै गइरहँदा यसको खास लक्षण हुँदैन ।

उच्च रक्तचाप भएको दुई-तीन वर्षमा समस्या देखिन थाल्छ । रक्तचाप बढ्दै जाँदा शरीरले पनि एक चरणसम्म 'एडप्ट' गरिदिन्छ । यसैगरी उच्च रक्तचाप देखियो भने प्रायःले अलि-अलि अभ्यास थाल्छन् । खानपान मिलाउँछन् । रक्तचाप ठीक ठाउँमा आउँछ । त्यसपछि ठीक भयो भनेर ढुक्क हुन्छन् । फेरि पुरानै जीवनशैलीमा फर्किन्छन् र उच्च रक्तचापको शिकार हुन्छन् ।

उच्च रक्तचाप भएर डाक्टरकहाँ पुग्नेहरु सकेसम्म औषधि खान इन्कार गर्छन् । एक्सरसाइज गर्ने, डाइटिङ मिलाउने आदि दाबी गर्छन् । बिरामी उच्च रक्तचापले समस्या आइसकेपछि डाक्टरकहाँ आउने हुनाले सकेसम्म औषधि, एक्सरसाइज र डायटिङ सँगैसँगै लैजाउन् भन्ने चाहना डाक्टरको हुन्छ । डाक्टरले 'कन्भिन्स्ड' गरेपछि मात्रै औषधि खान तयार हुन्छन् । औषधि लेख्दा डाक्टरले निश्चित समयसम्मका लागि लेख्छन् र औषधि सकिनु केही दिनअघि फेरि जँचाउनु भन्छन् । बिरामीले डाक्टरले भनेको मितिसम्म औषधि खान्छन् तर जँचाउन भने आउँदैनन् ।

जब पुनः रक्तचापले हान्छ, रिंगटा लाग्छ वा टाउको दुख्छ अनि मात्र डाक्टरको ढोका ढकढक्याउन आइपुग्छन् । त्यो समय बिरामीले औषधि छाडेको केही महिना बितिसकेको हुन्छ । बिरामीको दाबी हुन्छ, 'तपाईंले भनेको समयसम्मै औषधि खाएको थिएँ ।' जबकि डाक्टरले तीन महिना मात्रै औषधि खानु भनेको हुँदैन । तीन महिना औषधि खाएर फेरि जँचाउन आउनु, त्यो बेलाको अवस्था अनुसार औषधि घटबढ गर्छु भनेको हुन्छ । कतिले त त्यही समयमा मुटुको समस्या, मस्तिष्कघात र मिर्गौलाको समस्या झेलिसक्छन् । ज्यान तलमाथि पनि भइसकेको हुन सक्छ । यिनै समस्यामाथि गरिएको अनुसन्धानले ५० देखि ६० प्रतिशतको औषधि खाँदा पनि रक्तचाप नियन्त्रणमा नआउने गरेको देखाएको छ ।

यसैगरी, औषधि खाने तर मदिरा र चुरोट नछाड्ने, आफ्नो तौल घटाउन नसक्ने र तनाव नियन्त्रण गर्न नसक्नेलाई पनि औषधिले अपेक्षित फाइदा नपुर्‍याएको हुन सक्छ ।

यक्ति र उसको अवस्था हेरेर औषधि दिने र डोज मिलाइयो भने मात्रै रक्तचाप नियन्त्रणमा आउन सक्छ ।

**कति हुनुपर्छ रक्तचाप ?**

धेरैले रक्तचाप १४०/९० हुँदा पनि ठिकै छ भन्ने ठान्छन् ।१५०/९० पुग्दा पनि घटाउनेतिर ध्यान दिँदैनन् । किनभने बिरामीलाई यसका कारण गाह्रो भएको हुँदैन । तर, अध्ययनले रक्तचाप माथि १२० भन्दामुनि र तल ८० भन्दामुनि हुनुपर्ने देखाएको छ। १२०र९० सीमा रेखा हो । यो कट्यो भने रक्तचापका कारण आउने समस्य ढिलोचाँडो भोग्नुपर्छ भन्ने बुझ्नुपर्छ ।

सीमारेखा कटेपछि बिस्तारै मुटुको नलीमा 'ब्लकेज' सुरु हुन्छ । कुनै ठाउँमा साँघुरो र कुनै ठाउँमा फुकेको हुन्छ । मिर्गौलामा प्रोटिन निस्किन थाल्छ र बिस्तारै मिर्गौला फेल हुन सक्छ । यसैगरी, मस्तिष्कको नलीमा असर गरिरहेको हुन्छ । त्यस्तै, ५ देखि १० वर्षपछि मस्तिष्घात हुने सम्भावना उच्च हुन्छ ।

पहिले रक्तचाप १४०र९० पुग्यो भने मात्रै औषधि खान भनिन्थ्यो । तर, अहिले अमेरिकन कार्डियोलोजीको गाइडलाइन परिवर्तन भयो ।१३०र८० मै औषधि खानुपर्ने उल्लेख गरियो । सन् २००२ मा भएका केही अनुसन्धानले यस्तो आधार दिएपछि केही डाक्टरले त्यो समयदेखि नै यसलाई अपनाइरहेका छौं । उच्च रक्तचापको नम्बर जति थपिन्छ, मुटुरोगको सम्भावना त्यसको दुई गुणाले बढ्छ । हाम्रो देशमा १४०र९० हुँदा पनि वास्ता नगरेको पाइन्छ । जसले गर्दा समस्या बढिरहेको हो ।

**३० वर्षकै उमेरमा उच्च रक्तचाप**

नेपालमा औसत ३० देखि ३५ वर्षकै उमेरमा रक्तचापको समस्या देखिन थालिसकेको छ । स्वस्थ खाने, तनाव कम लिने र एक्सरसाइज गर्ने चलन सरदर २० वर्षको उमेर अर्थात् इन्टरमिडिएट अध्ययन सक्दासम्म मात्रै रहन्छ । त्यसपछि हामी दौडधुपमा लाग्छौं । उच्च शिक्षासँगै जागिर खोज्नमा भौंतारिन्छौं, आर्थिक अवस्था सुधार गर्न तिर लाग्छौं । यसबाट धपेडी र तनाव सुरु हुन्छ । यही १० वर्षभित्र अर्थात् ३० वर्षकै उमेरमा उच्च रक्तचाप हुन्छ । अन्य समस्या आउँछ । तर, आम बुझाइ के छ भने, ४० वर्षसम्म मुटुरोग लाग्दैन । यो गलत बुझाइ हो ।

सहरी क्षेत्रमा बस्ने नेपाली युवामा उच्च रक्तचापको समस्या हुने सम्भावना उच्च नै छ । सहरिया युवा ढिलोचाँडो यसको शिकार हुने उसको खानपान र जीवनशैलीले देखाउँछ । कामको सेड्युल ब्यस्त, एक्सरसाइज गर्न पाइरहेका छैनौं, विषादियुक्त खाना खान्नँ भनेर पनि साध्य लाग्ने अवस्था छैन । सास फेर्ने वायुमण्डलमा प्रदूषण छ र तनाव चाहेर पनि घटाउन सकिने स्थिति छैन । यी तमात कारणले युवा अवस्थामै उच्च रक्तचापको सिकार बन्नुपर्ने वाध्यता झेल्नुपरेको छ ।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आम्दानी बढ्ने छ । विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला ।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।**

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ । समय राम्रो छैन । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला ।**

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला । समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला ।**

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ । मन दोधार होला ।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला ।**

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।समय मध्यम खालको छ ।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला ।**

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।**

# प्रदेश २ को पर्यटकस्थल धनुषाधाम

**गणेशकुमार ठाकुर**



सिरहा / धार्मिक तथा ऐतिहासिक रूपले महत्वपूर्ण पर्यटकस्थल धनुषाधाम देखिएको छ। प्रदेश २ को अस्थायी राजधानी जनकपुरधामबाट करिब १५(२० किलोमिटरको दुरीमा रहेको धनुषाधाममा धनुष मन्दिर पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल हो। त्यहीँ स्थलका कारण यस क्षेत्रको नाम धनुषाधाम र जिल्लाको नाम धनुषा राखिएको मान्यता छ। धनुष मन्दिरमा दैनिक सयौँ पर्यटक पुग्ने गर्छन्।

त्रेतायुगको इतिहास बोकेको धनुष मन्दिर दर्शनका लागि नेपाल भारतका विभिन्न ठाउँबाट दर्शनार्थी पुग्ने गर्छन्। त्रेतायुगमा भगवान रामले सीता स्वयम्बरमा भगवान शिवको धनुष तोडेका थिए। भगवान शिवको पिनाक धनुषमा भगवान रामले प्रत्यंचा चढाउन खोजेपछि तीन टुक्रा भएको थियो। एक टुक्रा आकाशमा, एक टुक्रा पातालमा र एक टुक्रा पृथ्वीमा झरेको वाल्मीकि रामायणमा उल्लेख छ। पृथ्वीमा पिनाक धनुषको टुक्रा झरेको स्थल हो धनुषाधाम। सुरुमा खुला आकाशमै रहेको धनुषको टुक्रा झरेकोस्थल एक दशकअगाडि मात्रै मन्दिरको स्वरुप प्राप्त गरेको मन्दिरका महन्थ भरत दासले बताए। स्थानीय केही व्यक्तिहरूको व्यक्तिगत सहयोगबाट मन्दिर निर्माण गरिएको थियो।

धनुष झरेको स्थलमा कालो सिमेन्टझैं ढुंगा झरेको देखिन्छ। धनुषको टुक्रा दिनानुदिन बढ्दै गएको छ। सुरुमा सानै आकार रहेको उक्त टुक्रा अहिले करिब सय मिटरसम्म फैलिसकेको छ। टुक्रा किन फैलिरहेको छ भन्ने अहिले पनि रहस्यमय छ। कालो ढुंगाजस्तै देखिने त्यो टुक्रा के हो भन्ने पुष्टि अहिलेसम्म वैज्ञानिकले गर्न सकेका छैनन्। त्यो टुक्रा न ढुंगा, न काठ वा न कुनै धातु नै रहेको अनुसन्धानबाट खुलेको थियो।

धनुषाधाममा झरेको कालो शिलामाथि अहिले विशाल पिपलको बोट छ। उक्त पिपलको बोट ५ सय वर्षभन्दा बढी पुरानो रहेको स्थानीयवासीको भनाइ छ। पिपलको बोटमुनि नागको बास छ भन्ने किंवदन्ती रहेको महन्थ दासले बताए। उनका अनुसार अमावस्याको राति धनुष मन्दिर हरियो रंगले चम्किरहेको हुन्छ। पिपलको बोटमुनि बास गरिरहेको नाग मणिसहित अमावस्याका राति बाहिर आउने गरेकाले मन्दिर चम्किने गरेको महन्थ दासले बताए।

मन्दिरभित्रै रहेको पिपलको बोटकै छेउमा सानो कुण्ड रहेको छ। सानै आकारको सो कुण्डको नाम पाताल गंगा छ। पाताल गंगाले प्रकृति र यो वर्ष कस्तो रहने भन्ने संकेत गर्छ। पानी धरती सतहभन्दा माथि हुन्छ भने वर्षभरि शुभ रहने र धरती सतहभन्दा पानी तल हुँदा अनिष्टको संकेत गर्ने महन्थ भरत दासले बताए। यस वर्ष पानीको सतह तल रहेकोले अनिष्टको संकेत गरिरहेको उनले जनाए। हजारौं वर्षको इतिहास बोकेको सो मन्दिरको सौन्दर्यीकरण तथा संरक्षणका लागि कुनै स्तरबाट पहल भएको देखिँदैन।

स्थानीय शिवजि शर्माले यो मन्दिरको संरक्षण एवं सम्बर्द्धन गर्न सकियो भने धनुषा जिल्ला वा प्रदेश दुईको मात्र नभई नेपालकै उत्कृष्ट गन्तव्य स्थलका रूपमा विकसित हुने छ।

**पिनाक धनुषको निर्माण कसरी भयो**

सत्ययुगको समयमा त्रिपुरा नामक दैत्यका कारण सबै आक्रान्त थिए। देवताहरू पनि त्राहीत्राही गरिरहेका थिए। त्रिपुरा दैत्यको तीन ठाउँमा बास थियो। उसलाई भगवान शंकरले एउटै वाणबाट तिनै स्थलमा हत्या नगरेसम्म मृत्यु नहुने वरदान दिएका थिए। जसकारण अमरत्व नै प्राप्त गरिसकेको थियो। देवताहरू आफ्नो रक्षाका लागि भगवान शंकर समक्ष पुगे।

भगवान शंकरले नै त्रिपुरा दैत्यको वध गर्नका लागि दधिची ऋषिको हाडबाट तीन अस्त्र निर्माण गर्न अह्राएका थिए। विष्णु पुराणकाअनुसार दधिची ऋषिको हाडबाट तीन अस्त्रको निर्माण गरिएको थियो। मेरुदण्डको हाडबाट बज्रको निर्माण गरियो जो इन्द्रलाई दिइयो। भुजाको हाडबाट सारंग धनुष निर्माण गरियो, मस्तिष्कको हाडबाट पिनाक धनुषको निर्माण गरियो, जसलाई स्वयं भगवान शिवले राखे। उनले पिनाक धनुषकै सहायताले त्रिपुरासुर संग्राममा विजय प्राप्त गरेका थिए। उक्त धनुष पछि शिवले खुसी भएर पर्शुरामलाई दिएका थिए। धर्तीमा क्षेत्रीयहरूको अत्याचार बढ्न थालेपछि परशुरामले सोही धनुषबाट २१ पटक क्षेत्रीयहरूको बध गरेका थिए। पछि धनुष मिथिलाका राजा जनकलाई रक्षार्थ दिएका थिए।

उक्त धनुष माता सीताले बायाँ हातबाट उठाएपछि राजा जनकले धनुषमा प्रत्यंचा चढाउन सक्ने वीर पुरुषलाई नै छोरी दिने प्रण गरे। पछि सीता स्वयम्बरमा रामले उक्त धनुषमा प्रत्यंचा चढाउन खोज्दा तीन टुक्रा भएको थियो। एक टुक्रा आकाश हुँदै भारतको दक्षिण प्रान्त रामेश्वरम, दोस्रो टुक्रा पाताल र तेस्रो जनकपुरधामको धनुषधाम क्षेत्रमा झरेको भन्ने विश्वास छ। धनुषको टुक्रा पातालमा झरेको स्थल जनकपुरधाममा अहिले धनुषसागर पोखरी छ। धर्तीमा टुक्रा झरेको स्थलमै धनुष मन्दिर रहेको छ।



## प्रदेश नारासहित सफाई यात्राको शुरु

जनकपुरधाम /प्रदेश नं. २ मा 'स्वच्छ मधेश समृद्ध प्रदेश' नारासहित सरसफाई तर्फ यात्रा शुरु गरिएको छ। मुख्यमन्त्री स्वच्छता अभियानको आयोजनमा शुरु गरिएको कार्यक्रममा स्वच्छ खानेपानिको लागि गुणस्तर अनुगमन प्रशिक्षक प्रशिक्षण तालिम ३ दिनसम्म संचालन गरिएको थियो।

तालिमको समुदघाटन गर्दै प्रदेश नं. २ का निमित्त प्रमुख सचिव शंकर सुवेदीको प्रमुख आतिथ्यमा शुरु हो। निमित्त प्रमुख सचिव सुवेदीले प्रदेश सरकारले संचालनमा ल्याएको नमूना कार्यक्रमहरुमा जानकी मन्दिर सौन्दर्यीकरण, विरगंजको नगवा र मुर्ली पोखरीको सौन्दर्यीकरणलगायतका योजनाहरुले प्रदेशको सौन्दर्यतामा टेवा पुऱ्याउने बताए। स्वच्छता अभियान अन्तर्गत ८ वटै जिल्ला २/२ वटा गरि १६ वटा अत्याधुनिक सुलभ शौचालय निर्माण प्रक्रियामा रहेको समेत उनले उल्लेख गरे। तालिममा युनिसेफको आस्वा २ कार्यक्रम संचालन रहेको सर्लाही देखी सप्तरी सम्मका १७ पालिकाका २/२ जना प्रतिनिधि सहभागी रहेका छन्। सहभागि प्रतिनिधिहरुले तालिम पछि आ( आफ्नो स्थानीय तहमा खानेपानीको गुणस्तर अनुगमन गर्ने जनाइएको छ।

# भ्रष्टचारी पूर्वसांसद र इन्जिनियर जेल परे

सप्तरी/ कीर्ते गरी उपभोक्ता समिति गठन गरेको र सरकारी कागजात कीर्ते गरेको आरोपमा पूर्वाधार तथा यातायात निर्देशनालय जनकपुरका सिनियर डिभिजनल इञ्जिनियर राजकुमार गोइतलाई जेल चलान गरिएको छ।

उच्च अदालत राजविराज इजलाशले भदौ ३० गते थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न दिएको आदेशअनुसार अदालतमा हाजिर भएका गोइतलाई राजविराज कारागारमा थुनामा पठाएको अदालतले जनाएको छ। जिल्ला अदालतले गत जेठ ६ गते उनलाई चार लाख धरौटीमा पुर्पक्षका लागि तारेखमा रिहा गरेको थियो।

जिल्ला अदालतको बेरितको आदेश बदर गर्दै गोइतले साधारण तारेखमा रिहा गर्न माग गरेका थिए। उच्च अदालत जनकपुर राजविराज इजलाशले उनलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश गरेको हो। सोही मुद्दामा पूर्वसांसद तथा राजपा नेपालका केन्द्रीय सदस्य बिपी यादव भनिने विश्वनाथप्रसाद यादव र राजपा नेपालका अर्का केन्द्रीय सदस्य हरिनारायण मण्डल कारागारमा थुनामा छन्। सप्तरीको अग्निसाइर कृष्णसवरण गाउँपालिका तथा छिन्नमस्ता गाउँपालिकामा प्रदेश नं २ सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा सञ्चालित सडक निर्माण योजनाका लागि कीर्ते गरी उपभोक्ता समिति बनाएको तथा सरकारी कार्यालयको कागजात कीर्ते गरेको अभियोगमा यादव र मण्डल गत वैशाख ५ गते पक्राउ परेका थिए। पूर्वाधार विकास डिभिजन कार्यालय सिरहाका सिनियर डिभिजनल इञ्जिनियर रहेका बेला गोइतले राजपा नेपालका केन्द्रीय सदस्य एवं पूर्वसांसद यादव र राजपा नेपालका अर्का केन्द्रीय सदस्य मण्डलसँग मिलेर सरकारी कार्यालयको कागजात कीर्ते गरी भ्रष्टाचार गरेको अभियोग छ।


खगेन्द्र कार्की ९८४२०९२१०७ ९८०७७४३२०२

शंकर कार्की ९८६३९०८७४९

जनता बुक्स एण्ड स्टेसनरी

सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी

बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)

हाम्रा सेवाहरु

यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ। साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ।

## चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ, प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ, कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ।
– सभ्य नागरिक वनौ, वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं।

चौदण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

## अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस। हामी तपाईंको सेवामा तत्पर छौं।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरुजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरुद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी

सप्तकोशी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्कः ९८४९१५१५८३ र ९८१७३०९४४७

## कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ, प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ, कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ।
– सभ्य नागरिक वनौ, वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं।

कञ्चनरुप नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

publicnews8@gmail.com/ ९८५२०४७७७९/९८४२०९२१०७

LOG ON... www.janatimes.com

लोकप्रिय डिजिटल मिडिया jt janatimes

विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार